रंगेली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
रंगेली, मोरङ

## नगर प्रहरी करारमा लिने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०८१/०७/०६)**

यस नगरपालिकामा तपसिल बमोजिमका पदहरुमा खुला प्रतिष्पर्धाद्वारा करार सेवाबाट नगर प्रहरीहरु छनौट गर्न नगर कार्यपालिकाको मिति २०८१/०७/०४ मा निर्णय भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको ढाँचामा यो सूचना प्रकाशन भएको मिति देखि १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक फारम भरी उम्मेदवार आफैं कार्यालयमा उपस्थित भएर दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | अनुभव | उमेर |
|---|---|---|---|---|---|---|
| ४-०८१/०८२ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथो (नेपाल प्रहरीको प्र.स.नि सरह) | १ | मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको वा नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ । | नेपाली सेना, जनपद प्रहरी वा सशस्त्र प्रहरीबाट अवकाश भएको वा अन्य देशको सेना प्रहरीबाट अवकाश भएकोले **मात्र आवेदन दिन सक्ने** | १८ बर्ष पुरा भई ५५ बर्ष ननाघेको |
| ५-०८१/०८२ | नगर प्रहरी जवान | सहायकस्तर द्वितीय (नेपाल प्रहरीको जवान सरह) | ८ | मान्यता प्राप्प शैक्षिक संस्थाबाट एसइई वा सो सरह उत्तीर्ण वा नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ । | | १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा नेपाल सरकारका सुरक्षा निकाय वा विदेशी सुरक्षा निकायका अनुभवीको हकमा ४५ बर्ष ननाघेको |

- **परीक्षाको किसिमः** नगर प्रहरी सहायक निरीक्षकको हकमा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित र अन्तर्वाता तथा नगर प्रहरी जवानको हकमा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षण र अन्तर्वाता हुनेछ। प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा र अन्तर्वाताको सूचना पछि प्रकाशन गरिनेछ।
- **दरखास्त दस्तुरः** नगर प्र.स.नि को लागि रु.७०० तथा नगर प्रहरी जवानको लागि रु.५००।
- **दरखास्त पेश गर्ने अन्तिम मितिः** २०८१/०७/२० गते कार्यालय समयसम्म वा सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र।
- **फारम प्राप्त गर्ने र बुझाउने स्थानः** रंगेली नगरपालिकाको राजश्व शाखा ।
- **तलब भता अन्य सुविधाः** पारिश्रमिकको हकमा सम्बन्धित पदमा नेपाल प्रहरीको तलब स्केल तथा अन्य सुविधाको हकमा नगरपालिकाले निर्धारण गरे बमोजिम ।
- **आवश्यक कागजातहरु तथा शर्त**
  १. हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति
  २. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
  ३. न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपी
  ४. अनुभव अनिवार्य भएको पद तथा शैक्षिक योग्यताको लागि अनुभव आवश्यक भएको पदमा अनुभव सम्बन्धी प्रमाणको प्रतिलिपी
  ५. सरकारी अस्पतालबाट जारी भएको निरोगिताको प्रमाणपत्रको प्रतिलिपी
  ६. प्रहरी कार्यालयबाट चालु आ.व.मा जारी गरिएको क्लियरेन्स प्रमाणपत्र
  ७. रंगेली नगरपालिकामा कामकाज गरी राजिनामा दिएको, सेवा निबृत्त भएको, उपदान लिएको वा कारवाहीमा परी सेवाबाट हटाइएको व्यक्ति सहभागी हुन नपाउने ।
- यस सम्बन्धमा थप जानकारी नगरपालिकाको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

छनौट तथा सिफारिस समिति
रंगेली नगरपालिका